# त्रियुगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गाईघाट,उदयपुर
## १ नं. प्रदेश, नेपाल

पत्र संख्या : ०७९।०८०
च.नं. :

☎ ०३५-४२२१०८
www.triyugamun.gov.np

**करारमा कर्मचारी लिने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९।०८।२१ गते**

संयूक्त राष्टसंघीय जनसंख्या कोष (युएनएफपिए) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल लगायत अन्य संस्थाहरुको साझेदारी र त्रियुगा नगरपालिकासँगको सहकार्यमा "लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना" सञ्चालनलाई निरन्तरता दिनका लागि परियोजनाका साझेदार संस्थाहरू र त्रियुगा नगरपालिका, उदयपुर बीच भएको सम्झौता बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न तपशिल बमोजिमका जनशक्ति करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**तपशिल**

| विज्ञापन नं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| २०७९/०८०/१० | सामुदायिक मनोसामाजिक संयोजक | १ (एक) (महिला) | शैक्षिक योग्यताः स्नातक तह उत्तिर्ण गरी कम्तिमा छ महिने मनोपरामर्शको तालिम लिएको वा प्रविणता प्रमाणपत्र वा प्लस टु उत्तीर्ण गरी मनोपरामर्शमा ६ महिनाको तालिम लिई कम्तीमा पनि १ वर्षको अनुभव भएको वा कम्तीमा प्रविणता प्रमाणपत्र वा प्लस टु उत्तिर्ण गरी मानसिक स्वास्थ्य वा मनोसामाजिक सहयोगको क्षेत्रमा ३ वर्षको कार्य अनुभव भएको।<br>**अनुभव तथा वाञ्छनीय योग्यताः**<br>• सामुदायिक मनोसामाजिक कार्यकर्ताहरुको सुपरिवेक्षण तथा समन्वय कामको अनुभव भएको।<br>• लैङ्गिक हिंसा र प्रतिकार्यको क्षेत्रमा काम गरेको अनुभव भएको।<br>• हिंसा प्रभावित व्यक्तिहरुको लागि मनोपरामर्श सेवामा काम गरेको अनुभव भएकोलाई विशेष ग्राहयता दिईनेछ।<br>• मनोसामाजिक क्रियाकलापको प्रतिवेदन लेखन तथा घटना अभिलेखको अनुभव भएको ।<br>• मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको ।<br>• टिमसँग मिलेर काम गर्न सक्ने, विभिन्न वडामा कार्यरत मनोसामाजिक कार्यकर्ताहरुसँग संयोजन गर्नसक्ने ।<br>• अन्तरव्यक्ति सञ्चार तथा नेतृत्व सीप भएको । |

| | | | |
|---|---|---|---|
| | | | • पालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत अन्य सरोकारवाला संघसंस्थाहरु सँग समन्वय गरी काम गर्न सक्ने क्षमता भएको ।<br>• स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक हिंसा सम्वन्धि जानकार तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृयावारे राम्रो जानकारी भएको ।<br>• इमेल, इन्टरनेट, MS Word, MS Excel तथा Power Point मा जानकार तथा प्रयोग गर्ने सीप भएको ।<br>• महिला, दलित, जनजाती, मधेशी, अल्पसंख्यक तथा सीमान्तकृत स्थानीयलाई विशेष ग्राह्यता दिइनेछ । |
| २०७९/०८०/११ | सामुदायिक मनोसामाजिक कार्यकर्ता | ८ (आठ) (महिला) | कक्षा १२ उत्तीर्ण गरी मनोसामाजिक सहयोग सम्बन्धी कम्तीमा १० दिनको आधारभूत तालिम लिएको ।<br>**अनुभव तथा वाञ्छनीय योग्यताः**<br>• समुदायमा मनोसामाजिक कार्यकर्ता वा सामाजिक कार्यकर्ताको रुपमा काम गरी अनुभव प्राप्त गरेकालाई प्राथमिकता दिईनेछ।<br>• समुदायमा निहित लैङ्गिक हिंसा न्यूनीकरण, रोकथाम र प्रतिकार्य सहित लैङ्गिक तथा सामाजिक रुपान्तरण प्रक्रियामा काम गर्न रुची राख्ने ।<br>• एक जना सामुदायिक मनोसामाजिक कार्यकर्ताले एक वा सो भन्दा बढि वडाहरुमा गई गतिविधिहरु सञ्चालन गर्नुपर्ने भएकोले उम्मेदवार ती सम्वन्धित वडाको हुनुपर्नेछ । एउटा वडाबाट एक जना मात्र छनौट गरिनेछ।<br>• आफुले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको।<br>• स्पष्ट रुपले सञ्चार गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको।<br>• स्थानीय स्तरमा क्लव, महिला समूह, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, नेपाल प्रहरी, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था, स्वास्थ्य संस्था तथा वडामा स्थानीय |

# त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गाईघाट,उदयपुर
### १ नं. प्रदेश, नेपाल

पत्र संख्या : ०७९।०८०
च.नं. :

☎ ०३५-४२२१०८
www.triyugamun.gov.np


| | | | |
|---|---|---|---|
| | | | सरकार तथा अन्य गैर सरकारी संस्थाबाट सञ्चालन भएका अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने ।<br>• दलित, जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका उम्मेदवारहरुलाई विशेष ग्राह्यता दिइनेछ । |
| २०७९/०८०/१२ | मामिला व्यवस्थापक | २ (दुई) (एक जना महिला अनिवार्य) | कम्तीमा पनि १२ कक्षा उत्तीर्ण गरी मनोपरामर्श तथा मनोसामाजिक क्षेत्रमा तालिम, सुपरिवेक्षण गर्ने दक्षता राखेको संस्थाहरुवाट कम्तिमा ६ महिनाको मनोपरामर्श तालिम लिएको हुनुपर्ने छ ।<br>**अनुभव तथा वाञ्छनीय योग्यताः**<br>• राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट स्विकृत मनोसामाजिक परामर्शको ६ महिनाको तालिम लिएको वा मनोपरामर्शमा एन्म् वा मनोविज्ञान/मनोपरामर्शमा स्नातक गरेकोलाई वा यस भन्दा अघि अस्पतालमा आधारित एकद्वार संकट ब्यवस्थापन केन्द्रमा मामला ब्यवस्थापकको रुपमा काम गरी अनुभव हासिल गरेकोलाई प्राथमिकता दिईने छ।<br>• कम्तिमा २ वर्ष मनोपरामर्शकर्ता भई लैङ्गिक तथा घरेलु हिंसा प्रभावित ब्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा पुर्याउने काममा सहयोग गरेकालाई प्राथमिकता दिईने छ)<br>• मामला व्यवस्थापनमा कार्य गरेको अनुभव भएको ।<br>• प्रतिवेदन लेखन, तथ्याकं/जानकारी संकलन, संचार, संयोजनको आवश्यक सीप भएको ।<br>• आफुले मनोपरामर्श सेवा दिएका सेवाग्राहीहरुको केस फाईल, सेसन नोट लगायत अन्य सम्पूर्ण जानकारीहरु संकलन गरी ती विवरणहरु गोपनियताका साथ राख्ने सीप भएको ।<br>• स्थानीय सरकार, एकद्धार संकट ब्यवस्थापन केन्द्र, सुरक्षावास सञ्चालन गरेका संस्था तथा अन्य सहयोगी संघसस्थाहरुसँग कार्यगत सम्वन्ध राख्न सक्ने हुनुपर्ने ।<br>• स्थानीय र विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ। |

**शर्तहरु**

**आवश्यक कागजातहरु :** लोक सेवा आयोगले निर्धारण गरेको दरखास्त फारम भरी ३ प्रति पासपोर्ट साईजको फोटो सहित माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित त्रियुगा नगरपालिकामा पेश गर्नु पर्नेछ । तोकिएको समय भन्दा पछि आएका दरखास्त फारमहरुलाई समावेश गरिने छैन ।

**उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला तथा उपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको)

**दरखास्त दस्तुरः**

सामुदायिक मनोसामाजिक संयोजकको हकमा रु ४००।-

सामुदायिक मनोसामाजिक कार्यकर्ताको हकमा रु ४००।—

मामिला ब्यवस्थापकको हकमा रु ४००।— बुझाउनु पर्नेछ । त्रियुगा नगरपालिकाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैक गाईघाट शाखाको हि.नं. २०९०१००३०१०१०००४ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्ने छ ।

**छनौट प्रक्रियाः**

प्रारम्भिक छनौटमा गरीअ अन्तिम उम्मेद्वारहरुलाई मात्र लिखित र अन्तर्रवार्ता परिक्षामा समावेश गरिने छ ।

**परिक्षाको किसिम**: लिखित र अन्तवार्ता ।

**दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र ) दिन भित्र।

**परिक्षा मिति, स्थानः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन भएपश्चात जानकारी गराईनेछ ।

**कार्यअवधि,तलव तथा अन्य सुविधा** : सम्झौता अनुसार हुनेछ। यसरी गरिने सम्झौता अवधि समाप्त भएपछि पुन नविकरण गर्ने नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहने र यसमा कुनै उजुर बाजुर गर्न पाईने छैन ।

पुनश्चः माथि जुनसुकै कुरा उल्लेख भएता पनि छनौट गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ

**मान वहादुर वन**
**प्रमखु प्रशासकीय अधिकृत**
त्रियुगा नगरपालिका, उदयपुर